# अध्याय दुई

## पूर्वकार्यको समीक्षा

नेपालको राजनीतिक आन्दोलनसँग अन्योन्याश्रित बन्न पुगेका मनमोहन अधिकारीका बारेमा लेखिएका एकाध पुस्तकमात्र प्रकाशित छन् । त्यसका अलवा केही मात्रामा रहेका लेख रचना, अन्तर्वार्ता, गोष्ठीपत्रहरू पनि सबै छरिएर रहेको अवस्थामा छन् । उनका बारेमा प्रकाशित पुस्तक पनि खोज तथा अनुसन्धानमूलक नभई केवल सतही रूपमा मात्र जानकारी दिने उद्देश्यले लेखिएका छन् । त्यसैले ती पुस्तकले मनमोहन अधिकारीका बारेमा यथेष्ट जानकारी दिन सकेका छैनन् । यस विषयमा आजसम्म ठोस रूपले कुनै सिङ्गो अनुसन्धान भएको छैन । यही आवश्यकता परिपूर्तिका लागि यो शोधकर्ताले आफ्नो जिज्ञासाको विषय नै मनमोहन अधिकारीलाई बनाउने निर्णय गरेको हो । यसका अतिरक्ति नेपालमा भएका राजनीतिक आन्दोलनका बारेमा स्वदेशी तथा विदेशी लेखकहरूले लेखेका पुस्तकहरूमा सिङ्गो राजनीतिक आन्दोलनलाई केन्द्र बनाइएको छ । व्यक्ति विशेषको भूमिकालाई त्यति महत्व दिएको पाइदैन । तर राजनीतिक आन्दोलनको अगुवाई नेताहरूकै सक्रियता र पहलमा हुने हुँदा घटना र प्रसङ्ग अनुसार व्यक्ति विशेषको पनि चर्चा गरेको पाइन्छ । त्यस्ता पुस्तकहरूमा मनमोहन अधिकारीका बारेमा थोरैमात्र उल्लेख गरिएको भए तापनि अनुसन्धान कार्यका लागि महत्वपूर्ण मानिएका छन् । अनुसन्धानका दृष्टिले महत्वपूर्ण ठानिएका पुस्तक तथा अन्य प्रकाशित, अप्रकाशित सामग्रीहरूको यहाँ समीक्षा गरिएको छ ।

प्रस्तुत स्रोत सामग्रीहरूको समीक्षा गर्ने क्रममा प्रकाशित स्रोतहरू र अप्रकाशित स्रोतहरूलाई फरकफरक समूहमा विभाजन गरी तिनीहरूको प्रकाशन मितिको अग्रताका आधारमा क्रमबद्ध रूपले राखेर समीक्षा गर्ने कार्य गरिएको छ ।

### २.१ प्रकाशित सामग्रीहरू

अनिरुद्र गुप्ताद्वारा लेखिएको *पोलिटिक्स इन नेपाल,*(सन् १९६४) नामक पुस्तक अङ्ग्रेजी भाषामा लेखिएको एउटा स्तरीय पुस्तक मानिन्छ । यस पुतकमा आधुनिक नेपाल निमार्णको भूमिकाबाट लेखन कार्य सुरू भई पञ्चायती व्यवस्थाको सूत्रपात हुँदासम्मको राजनीतिक घटनाक्रम वर्णन गरिएको छ । आठवटा अध्यायमा विभाजन गरिएको यस पुस्तकमा राणा विरोधी आन्दोलनको सुरूवात हुँदाको पृष्ठभूमिमा भारत छोडो आन्दोलनलाई देखाइएको छ । यसमा विराटनगर मजदुर आन्दोलनको बारेमा पनि चर्चा गरिएको छ । उक्त आन्दोलनमा मनमोहन अधिकारीले पनि नेतृत्वदायी भूमिका निर्वाह गरेका भए तापनि उनको नाम जोडेर खासै उल्लेख गरिएको छैन । तथापि आन्दोलनमा मनमोहन अधिकारीसमेत सहभागी रहेको हुँदा घटनाक्रमलाई

बुझ्न सहयोग मिलेको छ । नेकपाका बारेमा ठाउँ ठाउँमा घटना अनुसार उल्लेख गरिएको छ । समग्रमा भन्दा राणाशासनभन्दा अघिको राजनीतिको चर्चा गर्दै वि.सं.२००७ सालको क्रान्ति र त्यसपछि वि.सं.२०१७ सालसम्मको नेपालको राजनीतिक घटनाक्रमको चर्चा गरिएको यो पुस्तक त्यतिबेलाको राजनीतिक पृष्ठभूमिका बारेमा जानकारी लिन सहयोगि सामग्री भएको छ ।

भुवनलाल जोशी र लिओ ई. रोजद्वारा लेखिएको *डेमोक्रेटिक इन्नोभेसन इन नेपाल* : ए केस स्टडी अफ पोलिटिकल ए कल्चरेसन (सन् १९६६) नामक पुस्तक दुई जना लेखकले संयुक्त रूपमा तयार पारेका हुन् । पुस्तकको सुरूवात राणाशासन पतन हुनाका कारणको विश्लेषण गर्दै त्यसपछिको स्थिति के कस्तो रूपमा विकसित हुँदै गयो भन्ने कुरामा केन्द्रित रहेको छ । राणा शासनको पतनदेखि पञ्चायती व्यवस्थाको उदय पश्चात प्रथम दशकसम्मको घटना स्थितिलाई समेटिएको छ । सात अध्यायमा विभक्त यस पुस्तकमा कतिपय घटन क्रममा नेपाल कम्युनिस्ट पार्टीले वि.सं.२००७ सालको क्रान्ति, नेकां, भारत र अमेरिकालाई हेर्ने दृष्टिकोण तथा त्यसले प्रजापरिषद्सँग गरेको मोर्चागत एकताका बारेमा व्याख्या गरेको छ । पुस्तकमा समग्र राजनीतिको विश्लेषण गरेको हुँदा नेकपाले प्रजापरिषद्को सरकारलाई दिएको समर्थन, डा.के.आई.सिंहको घटनापछि नेकपामाथि लगाइएको प्रतिबन्ध हटाउन पार्टीले दिएको वक्तव्य र त्यसपछि उत्पन्न विवाद, वि.सं.२०१५ सालमा पार्टीको स्थिति, मुलुकको राष्ट्रिय राजनीतिमा पार्टीले खेलेको भूमिका आदिका बारेमा केही विस्तृत व्याख्या गरेको छ । विभिन्न व्यक्तिहरूसँगको अन्तर्वार्ता, विभिन्न पत्रपत्रिका, पार्टीका प्रकाशित दस्तावेज, सरकारी प्रकाशन तथा प्रतिवेदनहरूको सहयोग लिई पुस्तक तयार पारिएको छ । तर कम्युनिस्ट पार्टी सम्बन्धी विश्लेषण गर्दा मौलिक स्रोतको आधारमा गरिएको छैन । जति पनि चर्चा गरिएको छ ती सबै प्रसङ्गवसमात्र गरिएका छन् । मनमोहन अधिकारी पार्टीको महासचिव भएको हुँदा पार्टी सञ्चालनमा उनको प्रमुख भूमिका थियो । कम्युनिस्ट पार्टीको व्याख्या भन्नु नै मनमोहन अधिकारीसँग पनि गाँसिएको विषय भएको हुँदा पुस्तकलाई सहयोगी सामग्रीका रूपमा लिई यसको समीक्षा गरिएको हो ।

लिओ ई. रोजद्वारा लेखिएको *नेपाल स्ट्राटिजी फर सरभाइभल* (सन् १९७१) नामक पुस्तक विदेशी लेखकद्वारा नेपालको बारेमा लेखिएको खोज तथा अनुसन्धानमूलक पुस्तक हो । कुल चार भागमा विभाजन गरी गरिएको अध्ययनको सुरुवात परिचयबाट गरिएको छ । पुस्तक नेपालको विदेश नीतिमा बढी केन्द्रीत रहेको छ । विभिन्न कालखण्डमा नेपालको अन्य राष्ट्रसँग भएका युद्ध, सन्धिसम्झौता र देशको आन्तरिक अवस्थाका बारेमा लेखिएको छ । समयावधि भने वि.सं.१८२७ देखि २०२७ सम्मको रहेको छ । पुस्तक मनमोहन अधिकारीका बारेमा मात्र लेखिएको नभए

तापनि राजनीतिक घटना क्रमसँग सम्वन्धित भएका कारण यसलाई पनि समीक्षा गर्न उपयुक्त ठानिएको छ ।

गृष्मबहादुर देवकोटाद्वारा लेखिएको *नेपालको राजनीतिक दर्पण* (जनमत सङ्ग्रह र त्यसपछि) (वि.सं.२०३९) नामक पुस्तक वि.सं.२०३५ सालदेखि वि.सं.२०३८ सालसम्मको अवधिमा नेपालमा घटेका विभिन्न घटनाहरू तथा राजनैतिक क्रियाकलापहरूको सविस्तार वर्णन र त्यस प्रति विभिन्न राजनीतिज्ञहरू, सङ्घ संस्थाहरू तथा पत्रपत्रिकाहरूको दृष्टिकोण समावेश गरिएको पाइन्छ । ६ वटा परिच्छेदहरूमा विभाजित यस पुस्तकमा जनमत सङ्ग्रहको पृष्ठभूमि र त्यसको परिणाममा प्रकाश पारिएको छ । पुस्तक उपयुक्त अवधिको नेपालको राजनीतिक दर्पण त हुँदै हो यसमा जनमत सङ्ग्रह तथा अन्य राष्ट्रिय सवालमा मनमोहन अधिकारीको दृष्टिकोणलाई पनि समावेश गरिएको पाइन्छ । सामग्रीको सङ्कलनमात्र हुनु तथा विश्लेषणको अभाव रहनु यस पुस्तकका कमजोरी पक्ष हुन् । यति हुँदाहुँदै पनि तत्कालीन नेपालको राजनीति र मनमोहन अधिकारीले समयसमयमा व्यक्त गरेका विचार र दृष्टिकोणका सम्बन्धमा जानकारी प्राप्त गर्न सकिने हुनाले पुस्तकको समीक्षा आवश्यक ठानिएको हो ।

बलराम उपाध्यायद्वारा लेखिएको *अ रिपोर्ट अन पोलिटिकल पोजेशन अफ नेपाल* (सन् १९८६)नामक पुस्तकमा दुईवटा रिपोर्टलाई समावेश गरी कम्युनिस्ट दृष्टिकोणबाट तत्कालीन नेपालको राजनीतिको चर्चा गर्ने क्रममा वि.सं.२०२५ सालमा मनमोहन अधिकारी जेलबाट छुटेपछि राजदरवारप्रति नरम नीति अपनाएको, मोहन विक्रम सिंह र मनमोहन अधिकारीले पुष्पलालको विरोध गरेको, राजाले जनमत सङ्ग्रह गर्ने घोषणापछि मनमोहन अधिकारीले पार्टी खोलेको, मनमोहन समुहमा कहिल्यै पनि विचारको एकता नरहेको जस्ता विषयवस्तुलाई पुस्तकमा उल्लेख गरिएको छ ।

ऋषिकेश शाहद्वारा लेखिएको *पोलिटिक्स इन नेपाल* (सन् १९९०) नामक पुस्तकमा ११ वटा निबन्धात्मक किसिमका लेखहरू प्रस्तुत गरिएका छन् । ती लेखहरूमा जनमत सङ्ग्रहदेखि वि.सं.२०४६ सालको जनआन्दोलनसम्मको नेपालको राजनीतिको विस्तृत चर्चा गरिएको छ । खासगरी नेपालमा राजतन्त्रको स्थान, वि.सं.२०३७ सालको जनमत सङ्ग्रह, नेपालको संविधानको तेस्रो संसोधन, शान्ति क्षेत्रका रुपमा नेपाल, वि.सं.२०४२ देखि २०४५ सालसम्मको नेपालको राजनीति, वि.सं.२०४६ सालपूर्व नेपालको मानव अधिकारको अवस्था, प्रजातन्त्र पुनर्स्थापनाको आन्दोलन र मानव अधिकारको अवस्था जस्ता विषयमा गहिरो अध्ययन गरिएको हुँदा नेपालको राजनीतिक अवस्था बुझ्न सकिन्छ । माथि उल्लेख गरिएका विषयवस्तुमा मनमोहन अधिकारीको

बारेमा पनि केही कुराको जानकारी प्राप्त गर्न सकिने भएकाले प्रस्तुत अध्ययनका लागि यसलाई सहयोगी सामग्रीका रूपमा लिइएको छ ।

भीम रावलद्वारा लेखिएको *नेपालमा साम्यवादी आन्दोलन उद्भव र विकास* (वि.सं.२०४७) नामक पुस्तक स्नात्तकोत्तर तहमा राजनीतिशास्त्र विभागमा आठौं पत्रको प्रयोजनका निम्ति तयार पारेको शोधपत्रलाई पछि पुस्तकका रूपमा प्रकाशित गरिएको हो । अध्ययनको सुरूवात समाजवाद र साम्यवादको ऐतिहासिक विकास प्रक्रियाबाट गरी अन्त्य उपसंहारमा गरिएको छ । बीचमा रहेका पाँचवटा अध्यायमा नै अध्ययनलाई केन्द्रित गरिएको छ । मनमोहन अधिकारी भारतीय जेलमा परेका, मजदुर आन्दोलन चलाएका, कम्युनिस्ट झन्डा र विचारलाई अगाडि ल्याई कम्युनिस्ट विचारको विजारोपण गरेका भनी कम्युनिस्ट पार्टीमा मनमोहन अधिकारीको सङ्लग्नताको बारेमा चर्चा गरिएको छ । वि.सं.२०१३ सालको असोजमा चिनियाँ कम्युनिस्ट पार्टीको आठौं राष्ट्रिय महाधिवेशनमा भाग लिन गएको घटनाक्रमलाई उल्लेख गरिएको छ । वि.सं. २०१७ सालको शाहीकदम लगतै जेल परेका हुँदा मनमोहन अधिकारी दरभङ्गा प्लेनम्को समयमा उपस्थित हुन नसकेको अवस्थासहित कम्युनिस्ट पार्टीमा आएको गुटफुटको इतिहासलाई राम्रोसँग विश्लेषण गरिएको छ । मनमोहन अधिकारीले जेलमुक्त हुँदा दिएको वक्तव्य आलोचनाको विषय बनेको, झापा आन्दोलनपछि सरकारी दमनको प्रतिवाद गरेको जस्ता घटनाका बारेमा पनि उल्लेख गरिएको छ । कति ठाउँमा घटनाको क्रमबद्धता र तिथिमितिको प्रयोग गर्ने सवालमा ख्याल पुगेको देखिदैन तर पनि विषयवस्तुको गहनता, प्रस्तुति शैलीमा सहजपन र प्रमाणिकताको प्रयास भएकाले प्रस्तुत अनुसन्धान कार्यकालागि पुस्तक सहयोगी रहेको छ ।

घनेन्द्रपुरुष ढकालद्वारा लिखित *जनआन्दोलन २०४६* (वि.सं.२०४९) नामक पुस्तकमा नेपालमा प्रजातन्त्र पुनर्स्थापनाका लागि गरिएको प्रयास, नेताहरूको विचार, आमनेपाली जनताहरूको उत्साह, त्याग बलिदान तथा वि.सं.२०४६ सालको जनआन्दोलनका कुरा प्रतिबिम्बित भएको कुरा उल्लेख गरिएको छ । त्यस क्रममा गणेशमान सिहंको घरमा भएको नेपाली कांग्रेसको सम्मेलनमा वरिष्ठ वामपन्थी नेता हुनुका नाताले मनमोहन अधिकारीले बोलेका कुराहरू, वि.सं.२०४६ सालको जनआन्दोलनमा उनले निभाएको भूमिका लगायतका कुराहरू पुस्तकमा समावेश गरिएका छन् ।

लोकराज वरालद्वारा लिखित *नेपाल प्रोवलम्स अफ गभर्नेन्स* (सन् १९९३) नामक पुस्तकमा लेखकले सरकार सञ्चालनका आधारभूत कुरालाई इङ्गित गर्दै यसको अभावमा शीर्ष नेताबाट र राजनीतिक व्यक्तित्वबाट उठेको आवाजलाई प्रष्ट पारेका छन् । खासगरी पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय पद्दतिको उदयबारे यस पुस्तकमा उल्लेख भएको छ । त्यस क्रममा दलहरूको

अवस्था तिनको शक्ति आदिका बारेमा उल्लेख गर्ने क्रममा मनमोहन अधिकारीको पनि उल्लेख भएको छ ।

ऋतुवर्ण पराजुलीद्वारा सम्पादन गरिएको *ऐतिहासिक योद्धा मनमोहन अधिकारी* (वि.सं.२०५३) नामक पुस्तकलाई क, ख, ग गरी तिन खण्डमा विभाजन गरेर प्रकाशन गरिएको छ । पुस्तक सिङ्गो मनमोहन अधिकारीका बारेमा रहेको छ । पहिलो खण्ड "क" सङ्क्षिप्त परिचयबाट सुरू गरी मनमोहन अधिकारीको सामान्य परिचयपछि तेस्रो विश्व साप्ताहिकले उनीसँग लिएको अन्तर्वार्ता राखिएको छ । सङ्क्षिप्त परिचयमा जे कुरा छ तिनैलाई अन्तर्वार्ताका माध्यमबाट विश्वासनीय बनाउन खोजिएको छ । पुस्तकको खण्ड "ख" मा मनमोहन अधिकारी स्वयम्ले लेखेका लेख, उनका अभिव्यक्ति तथा विभिन्न पत्रपत्रिकाले समय समयमा उनीसँग लिएका अन्तर्वार्ताहरू समावेश गरिएको छ । विभिन्न घटनालाई स्मरण गराउने फोटाहरू पनि यसै खण्डको बीचमा राखिएका छन् । पुस्तकको खण्ड "ग" मा मनमोहन अधिकारीको निकटमा रहेर राजनीति गरेका, उनलाई नजिकबाट चिनेका व्यक्तिहरूले लेखेका भावनाहरू राखिएका छन् । पुस्तक खोज एवम् अनुसन्धानमूलक भन्दा पनि सङ्ग्रहका रूपमा रहेको छ । मनमोहन अधिकारीको बारेमा यथेष्ट जानकारी दिन नसक्नु, उनले लिएको नीति र गरेको राजनीति कति सफल भयो ? उनबाट आउँदो पुस्ताले जान्ने, बुझ्ने र अनुसरण गर्नु पर्ने कुरा के हो भन्ने जस्ता विषयलाई प्रष्ट्याउन नसक्नु पुस्तकका कमजोरी पक्ष हुन् । जुन कुरालाई यस अध्ययनले खोजी गरेको छ ।

ध्रुव बस्नेतद्वारा लेखिएको *नेकपा एमाले सरकारको नौ महिने कार्यकाल* (वि.सं.२०५३) नामक पुस्तकमा मनमोहन अधिकारीले नेतृत्व गरेर शासन गर्दाको अवस्थाका बारेमा लेखिएको छ । वि.सं.२०४८ सालको आमनिर्वाचन पश्चात नेकाको सरकारले गरेका कामहरू, नेकामा आएको फुटका कारणहरूलाई  केलाउदै दक्षिण पूर्वी देशहरूकै इतिहासमा संवैधानिक प्रक्रियाबाट गठन भएको सरकारको नौ महिने अवधिमा भए गरेका कामहरू उल्लेख गरिएको छ । त्यसका अलवा सरकार गठन भएको अवस्था, सर्वोच्च अदालतको फैसला, सरकारको विघटन लगायतका कुराहरूको उल्लेख भएको छ ।

पुष्पलालद्वारा लेखिएको *नेपालमा कम्युनिस्ट आन्दोलनको सङ्क्षिप्त इतिहास* (वि.सं.२०५३) नामक पुस्तकमा नेपाल कम्युनिस्ट पार्टीको बारेमा लेखिएको छ । मनमोहन अधिकारीको राजनीतिक यात्रा कम्युनिस्ट पार्टीबाटै सुरू भएको हुँदा यहाँ उल्लेखित कति घटनामा उनका बारेमा चर्चा गरिएको छ । बनारस पढ्न जाँदा भारत छोडो आन्दोलनमा लागेका, नेपाल आएर मजदुर आन्दोलन चलाएका जस्ता विषय उठाइएको छ । राणा विरूद्धको आन्दोलन चलिरहेको

अवस्थामा दिल्ली सम्झौता भएकोमा पनि जनता सन्तुष्ट थिएनन् भन्ने कुरालाई देखाइएको छ । पुस्तकको दोस्रो भागमा पार्टीको प्रथम सम्मेलनदेखि प्रथम महाधिवेशनसम्मको घटनाक्रमलाई समेट्ने सन्दर्भमा नेकपाको गतिविधि, पार्टीको पहलमा भएका जनसङ्घर्षहरू, जातीय प्रजातान्त्रिक संयुक्तमोर्चाको गठन, सानदार किसान सङ्घर्षहरू, काठमाडौं नगरपालिकाको चुनाव र परिणाम, न्यून वैतनिक कर्मचारी सङ्घको हड्ताल, पार्टीमाथिको प्रतिबन्ध, चिनियाँ कम्युनिस्ट पार्टीसँग भाइचाराको सम्बन्ध जस्ता विषय उल्लेख गरिएको छ ।

पुस्तकको तेस्रो भागमा पार्टीको प्रथम महाधिवेशनपछि पार्टीको तेस्रो महाधिवेशनसम्मको समयलाई समेट्दै नेकपाभित्र संशोधनवादको प्रवेश कसरी भयो, संविधानसभाको चुनाव नभई किन संसदको भयो भन्ने देखाउन खोजिएको छ । चौथो भागमा वि.सं.२०१७ सालपछि कम्युनिस्ट आन्दोलन विसर्जनको अवस्थामा पुग्न लागेका बेला तेस्रो सम्मेलन गरी पार्टीको पुनर्गठनका लागि गरिएका प्रयासको बारेमा उल्लेख गरिएको छ । पुस्तक नेपालको कम्युनिस्ट आन्दोलनको बारेमा लेखिएको इतिहास भएको हुँदा यस शोधकार्यमा पनि प्रसस्त सहयोग लिइएको छ ।

पुष्पलालद्वारा लेखिएको *छानिएका रचनाहरू* (भाग १) (मिति अनु.) नामक पुस्तक नेपाल कम्युनिस्ट पार्टीको घोषणा गर्ने सवालमा कम्युनिस्ट पार्टीको घोषणापत्रको प्रथम नेपाली अनुवाद, नेकपाको पहिलो पर्चा, नेकपाको प्रथम घोषणापत्र, नेकपाको तेस्रो सम्मेलनको महत्व, नेकपाको कार्यपद्धति, नेपाली जनआन्दोलनको समीक्षा, नयाँ जनवादी कार्यक्रम, नेपालमा मातृसतात्मक समाज, भारत र नेपाल, नेपालमा राजतन्त्रको उत्पत्ति र विकास र भविष्य अ.ने.कि.संघको घोषणापत्र र कार्यनीति जस्ता विषयमा लेखिएका लेख, आदिलाई सङ्कलन गरी पुस्तकको रूप दिएर प्रकाशन गरिएको छ । यो पुस्तक मनमोहन अधिकारीको बारेमा लेखिएको नभए तापनि कम्युनिस्ट पार्टीको नीतिमा आएको परिवर्तनका बारेमा त्यही पार्टीका नेता कति जिम्मेवार छन् भन्ने कुरा उल्लेख गरिएको छ । पार्टीका नीति कुन परिस्थितिमा परिवर्तन हुँदै गए भन्ने बारे यस पुस्तकबाट थाहा पाउन सकिन्छ ।

पुष्पलालद्वारा लेखिएको *छानिएका रचनाहरू* (भाग २) (मिति अनु.)नामक पुस्तक पुष्पलालले कम्युनिस्ट आन्दोलनको बारेमा लेखेका विचारका लेखहरूको सङ्कलन हो । यस पुस्तकमा २०१७ साल पौष १ गतेको पर्व, राजदरवारबाट सात सालदेखि प्रजातन्त्र विरुद्ध गरिएको षडयन्त्रको पराकाष्टा हो, राजा राष्ट्रिय स्वार्थका प्रतीक नभई सामन्ती स्वार्थका प्रतीक हुन्, देशको सार्वभौमिकता होइन राजाको सार्वभौमिकता खतरामा छ, राजा महेन्द्रको योजना राष्ट्रिय निर्माणको योजना होइन, शाही जनवर्गीय सङ्गठनहरू सामन्ती फाशिष्ट सङ्गठन हुन्, नियन्त्रित प्रजातन्त्रको नारा अवसरवादी र जनविरोधी हो, संयुक्त आन्दोलन नै प्रजातान्त्रिक सङ्घर्षको

विजयको ग्यारेन्टी हो, भन्ने जस्ता शीर्षकका लेखहरू कम्युनिस्ट पार्टीको विभिन्न सम्मेलनमा प्रस्तुत गरिएका प्रतिवेदन समयसमयमा निकालिएका विज्ञप्ति, तत्कालीन समयको राजनीतिक विश्लेषणसँग सम्वन्धित छन् ।

सूर्यमणि अधिकारीद्वारा लेखिएको *नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास* (वि.सं.२०५५) नामक पुस्तकमा नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहासमा राणाशासनको उदयदेखि वि.सं.२०४६ सालको जनआन्दोलनसम्मको राजनीतिक घटनाको उल्लेख गरिएको छ । विभिन्न प्रकाशित अप्रकाशित लेख रचना, दलहरूका विज्ञप्ति, अन्तर्वार्ता आदिको मद्दत लिई तयार पारिएको पुस्तक खोज तथा अनुसन्धानमूलक छ । पुस्तक लेखनको उद्देश्य नेपालमा प्रजातन्त्रका लागि भएका राजनीतिक घटनाक्रमको उल्लेख गर्नु रहेको छ । यसै सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टीको पनि चर्चा गरिएको छ । जो अत्यन्तै सङ्क्षिप्त छ । यो सङ्क्षिप्त अध्ययनभित्र पनि व्यक्ति विशेषको भूमिकालाई त्यति खोजी गरिएको छैन । घटना र प्रसङ्गवश एकाध ठाउँमा मनमोहन अधिकारीको पनि चर्चा गरिएको छ । पुस्तक विश्लेषणात्मकभन्दा बढी वर्णनात्मक रहेको छ । यति हुँदाहुँदै पनि प्रजातान्त्रिक आन्दोलनका कतिपय पक्षमा जानकारी लिन पुस्तकलाई सहयोगि सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

सङ्कलन प्रकाशन समूहद्वारा प्रकाशित *मनमोहन अधिकारीको व्यक्तित्व र मुल्याङ्कन,* (वि.सं.२०५६) नामक पुस्तक कुनै लेखक वा व्यक्तिले लेखेको वा सम्पादन गरेको नभई सङ्कलन प्रकाशकका नाममा प्रकाशित भएको छ । यस पुस्तकमा उल्लेख गरिएका कुराहरूको जवाफदेयिता को हो भन्ने प्रस्ट छैन । पुस्तक मनमोहन अधिकारीको निधन भए लगतै उनका बारेमा सामान्य जानकारी दिने उद्देश्यले प्रकाशन भएको देखिन्छ । पुस्तकको नाम जति गहकिलो छ त्यसभित्रका सामग्रीहरू कुनै खोज अनुसन्धानमा आधारित नभई केवल सतही कुराहरूमात्र रहेको छ । एउटै घटना पनि फरक फरक ठाउँमा फरकफरक किसिमले उल्लेख गरेको भेटिन्छ ।

मोहनध्वज गुरुङद्वारा लेखिएको *नोट्स अन दी कम्युनिस्ट मुभमेष्ट इन नेपाल* (सन् २०००) नामक पुस्तकलाई प्रत्यक्ष रूपमा दुई भागमा विभाजन नगरे तापनि सुरुमै दुई भागमा बाँडेको कुरा उल्लेख छ । जसमा नेपालमा मार्क्सवादी विचारको प्रभाव र नेपालमा कम्युनिस्ट पार्टीको स्थापनाका बारेमा लेखिएको छ । नेपालमा वि.सं.२००४ सालमा विराटनगरमा भएको मजदुर आन्दोलनका बेला वी.पी.कोइरालाले सोसलिस्ट र मनमोहन अधिकारीले कम्युनिस्ट विचारको प्रतिनिधित्व गरेको कुरा उल्लेख गरिएको छ । वि.सं.२००७ सालको राणा विरोधी आन्दोलनमा पार्टीको सहभागिता, नेकपामाथि प्रतिबन्ध लगाउँदाको घटना, वि.सं.२०१७ साल पौष १ गते मनमोहन अधिकारीलगायतका नेताहरूको गिरफ्तारी र अन्तर्राष्ट्रिय दवावपछि नेकाका नेताहरूलाई रिहा गरेपछि मनमोहन अधिकारीलगायतका तिनजना कम्युनिस्ट नेताले वक्तव्य दिएर

जेल मुक्त भएको जस्ता विषय पुस्तकमा समेटिएको छ । पुष्पलालले मोहनध्वज गुरुङका नामबाट लेखेको पुस्तक भएको हुँदा यस पुस्तकबाट कम्युनिस्ट पार्टीका बारेमा धेरै कुरा जानकारी पाउन सकिन्छ ।

गोपाल शिवाकोटीद्वारा लेखिएको *नेपालको परराष्ट्र नीतिमा वामशक्तिको भूमिका* (वि.सं.२०५८) नामक पुस्तक सुरुमा विद्यावारिधिको प्रयोजनका नीम्ति तयार गरिएको र त्यसलाई पछि पुस्तकका रूपमा प्रकाशन गरिएको थियो । सात अध्यायमा विभाजन गरी गरिएको अध्ययनमा राष्ट्रिय सहमतिको प्रयास, नेपालको विदेश नीतिमा वामशक्तिको भूमिका कम्युनिष्ट परराष्ट्र नीतिको अभ्यास भन्ने शीर्षकमा वि.सं.२०४६ सालदेखि एमालेको नौ महिने सरकारको समयसम्मको परराष्ट्र नीतिको विस्तृत चर्चा गरिएको छ । खासगरी परराष्ट्र नीतिमा प्रभाव पार्ने तत्वको रूपमा नेपालका वामपन्थी शक्तिलाई लिई यसले कसरी नेपालको परराष्ट्र सम्बन्धमा भएको सरकारको नीतिलाई प्रभावपारी त्यसलाई परिवर्तन गरी राष्ट्रिय दृष्टिकोण बनाउने काम गरेको छ भन्ने कुरालाई महत्व दिएर अध्ययन गरेको छ । यस पुस्तकको अध्ययनबाट वामपन्थीको परराष्ट्र नीतिका साथै मनमोहन अधिकारी प्रधानमन्त्री भएपछि अपनाएको विदेश नीतिका बारेमा राम्रो विश्लेषण गरिएको छ ।

बालचन्द्र मिश्रद्वारा लेखिएको *झापा आन्दोलनदेखि एमालेको विभाजनसम्म* (वि.सं.२०५८) नामक पुस्तक त्रिभुवन विश्वविद्यालय राजनीतिकशास्त्र विभागमा स्नातकोत्तर तहको आठौं पत्रको प्रयोजनका लागि तयार गरिएको हो । यो मनमोहन अधिकारीका बारेमा लेखिएको सिङ्गो पुस्तक होइन तथापि यस पुस्तकमा मनमोहन अधिकारीले भारत छोडो आन्दोलनमा भाग लिएका, मार्क्सवादी अध्ययन थालेका, नेपालमा कम्युनिस्ट पार्टी र झन्डालाई पहिलोपटक ल्याएका, प्रथम महाधिवेशनमा पार्टीको महासचिव भएका, वि.सं.२०१७ सालमा जेल परेका, जेल छुट्दा लेखेको पत्र, झापा आन्दोलनप्रति उनको दृष्टिकोण, वि.सं.२०४६ पछिको घटनाक्रम, आदि विषयमा थुप्रै ठाउँमा मनमोहन अधिकारीका बारेमा उल्लेख भएको छ । पुस्तक निश्चित समय सीमामा केन्द्रित भई लेखिएको हुँदा मनमोहन अधिकारीका बारेमा त्यति धेरै जानकारी दिन सकेको छैन । वि.सं.२०४८ सालमा मनमोहन अधिकारीले प्रमुख प्रतिपक्षी दलको नेता भएर गरेका कामका बारेमा कही कतै उल्लेख गरिएको छैन । त्यसै गरी सरकार प्रमुख रहेका मनमोहन अधिकारीलाई भन्दा उनको मन्त्रीमण्डलमा सहभागी एक मन्त्रीलाई प्रमुख पात्र बनाएर सरकारका कामको सम्पूर्ण श्रेय उनैलाई दिएर लेखिएको छ । कतिपय घटनाक्रममा लेखकले लेखकीय धर्मलाई विर्सिएको प्रतित हुन जान्छ । यस्ता कमजोरीहरू धेरै ठाउँमा पाइन्छ । पुस्तक आग्रह र पूर्वाग्रहको आभाषबाट मुक्त छैन ।

केशरजङ्ग रायमाझीद्वारा लिखित *केही सम्झना केही चिन्तन* (वि.सं.२०५९)नामक पुस्तक लेखकले समयसमयमा विभिन्न पत्रिकामा प्रकाशन गरेका ६६ वटा नेपाली र आठवटा अङ्ग्रेजी भाषाका लेख सङ्कलन गरी समावेश गरिएका छन् । पुस्तकमा लेखकले आफू कम्युनिस्ट पार्टीमा लाग्दा मनमोहन अधिकारीसँग "प्रोग्रेसीप स्टडी सर्कल" का माध्यमबाट भेट भएको, मनमोहन अधिकारी नख्खु जेलबाट छुट्दा असाध्यै विरामी अवस्थामा रहेको र पुष्पलालले आफूकहाँ पठाइ दिएपछि उपचार गरेको, भारत प्रशासनले कम्युनिस्ट पार्टीका नेतालाई पक्राउ गर्न खोज्दा कतिपय अवस्थामा दुवै सँगसँगै लुकेको, के.आई.सिंहको विद्रोहलाई मनमोहन अधिकारीले समर्थन गरेको, प्रथम महाधिवेशनपछि मनमोहन अधिकारी चीन जाने भएपछि आफू कार्यवाहक महासचिव भएको, दोस्रो महाधिवेशन गराउन मनमोहन अधिकारीसँग सल्लाह गरेको आदि जस्ता कुरा उल्लेख भएका छन् । मनमोहन अधिकारीलाई राजावादी भन्नेहरूलाई राजावादी हुन कसरी लाग्नुपर्छ र विश्वास पाइन्छ भन्ने देखाएका छन् । उनका बारेमा उठेका विभिन्न कुराहरू अस्विकार गर्न सकेको देखिदैन । पहिलेका घटनाक्रमलाई पनि पछिल्ला घटनासँग जोड्दै राजाको गुणगान गर्ने खालको छ । पुस्तक विश्लेषणत्मकभन्दा पनि विवरणात्मक र एक पक्षीय छ । पुस्तक राजा र आफूलाई केन्द्रमा राखेर लेखिएको छ ।

शुशीला श्रेष्ठद्वारा लेखिएको *सहाना प्रधान स्मृतिका आँखिझ्यालबाट* (वि.सं.२०६०) नामक पुस्तकमा सहाना प्रधानको जीवनीलाई बिसवटा विषय सूची, र त्यसभित्र विभिन्न शीर्षक दिएर वर्णन गरिएको छ । मनमोहन अधिकारीको आफ्नी दिदीसँग भएको विवाह, मनमोहन अधिकारी र पुष्पलालका बीचको सम्बन्ध, पुष्पलालको निधनपछिमात्र पार्टी एक भएको प्रसङ्ग, वाममोर्चाको गठन, वि.सं.२०४६ सालको जनआन्दोलन, मनमोहन अधिकारीले नेतृत्व गरेको सरकार, एमाले पार्टीको विभाजनलगायतका घटनालाई त्यही पार्टीमा रहेका एक कार्यकर्ताका हिसावले उल्लेख गरेकाले त्यतिबेलाको राजनीतिक परिवेशलाई देखाइएको छ । पुस्तक कोही कसैप्रति पूर्वाग्रही नभइकन शालीन तरिकाले विषय वस्तुलाई उजागर गरिएको हुँदा पुस्तकलाई सहयोगी स्रोतका रूपमा लिइएको छ ।

राजकुमार पोखरेलद्वारा लेखिएको *अ जर्नी अफ द कम्युनिस्ट अफ नेपाल* (मिति अनु.) नामक पुस्तक विद्यावारिधिका लागि तयार पारिएको शोधपत्रलाई पछि लेखकले पुस्तकका रूपमा प्रकाशित गरेका हुन् । यसमा नेपाल कम्युनिस्ट पार्टी (एमाले) को २३ वर्षको राजनीतिक यात्रालाई समेटेको छ । नेपाली कम्युनिस्ट आन्दोलनको ऐतिहासिक पृष्ठभूमि, आन्दोलनको उद्भव, कम्युनिस्ट पार्टीको स्थापना, त्यसको विकास, सङ्गठनात्मक पक्ष, त्यसका कयौं प्रमुख विवादहरू र नेपाली राजनीतिमा पारेको प्रभावको बारेमा यथार्थ चित्रण गरेको छ । ऐतिहासिक दस्तावेजहरू, पार्टीका निर्णय पुस्तिका, पर्चा, व्यक्तिगत पत्र र विभिन्न कालखण्डमा आन्दोलनमा क्रियाशील

व्यक्तिहरूका अन्तर्वार्ताका माध्यमबाट अध्ययनलाई बढी प्रमाणिक बनाएको छ । मनमोहन अधिकारीले पार्टी गठन गर्दाको अवस्था, वाममोर्चाको गठनमा उनको स्थिति, माले र माक्सर्वादी पार्टी एकीकरणमा मनमोहन अधिकारीको सक्रियता जस्ता कुराहरू रहेको छ । पुस्तक लेखनको उद्देश्य मनमोहन अधिकारीको भूमिका माथि प्रकाश पार्नु नभएको हुँदा उनका बारेमा सबै कुरा पाउन सकिदैन ।

तीर्थमान ज्यापुद्वार लेखिएको *मेरा अतितका सम्झनाहरू* (वि.सं.२०६१) नामक पुस्तक लेखक स्वयम्ले देखे भोगेका र अनुभव गरेका विषयवस्तुको विवरण हो । यस पुस्तकमा उनको आफ्नै पारिवारिक स्थिति, पारिवारिक वातावरणमा भोगिएको जीवन, शिक्षा र ज्ञानका लागि गरिएको प्रयत्न, काठमाडौंमा चलेका विभिन्न सङ्घर्ष र आन्दोलनमा सक्रिय सहभागिता, कम्युनिस्ट सिद्धान्त र आदर्शप्रतिको निष्ठा, विभिन्न कम्युनिस्ट नेताहरूसँगको सम्पर्क र त्यसबाट पाएको अनुभव र शिक्षा, स्थिति र सामर्थ्यअनुसार पार्टी कार्यमा सङ्लग्नता आदिबारे बिस्तारमा वर्णन गरिको छ । त्यस क्रममा मनमोहन अधिकारी र पुष्पलाललाई सँगसँगै विराटनगरमा देखेको, पार्टीमाथि प्रतिबन्ध फुकुवा गर्न मनमोहन अधिकारीले वक्तव्य दिएपछि जनसङ्घर्ष र जनआन्दोलन सेलाएर गएको, पुष्पलालको अस्तु नेपालको एरपोर्टमा ल्याइसकेपछि मनमोहन अधिकारीले केही कुरा राख्ने निर्णय भएको जस्ता कुरा उल्लेख गरिएको पाइन्छ । राजनीतिक घटनालाई क्रमबद्ध रूपमा प्रस्तुत गर्न नसक्नु, एउटै विषयवस्तुलाई दोहऱ्याउनु, घटनालाई प्रमाणित गर्ने स्रोत सामग्रीको प्रयोग र विश्लेषणको अभाव रहनु जस्ता केही कमजोरी रहे तापनि सहयोगी सामग्रीका रूपमा यसलाई उपयोग गरिएको छ ।

अरबिन्द रिमालद्वारा लेखिएको *१९९७ सालदेखि २०१७ साल* (वि.सं.२०६२) नामक पुस्तकमा राणाशासनका विरुद्ध प्रजापरिषदले आन्दोलन चलाएको समयदेखि वि.सं.२००७ सालमा ल्याएको प्रजातन्त्र वि.सं.२०१७ सालमा राजाद्वारा खोसिनु अघि २० वर्षको नेपालको राजनीतिक घटनाक्रमलाई उल्लेख गरिएको छ । लेखक राजनीतिक आन्दोलनमा लागेका व्यक्ति भएको हुँदा त्यस क्रममा देखेभोगेका र अनुभव गरेका कुराहरूलाई उतार्ने प्रयास गरेका छन् । उनले राजनीतिक आन्दोलन गर्ने क्रममा मनमोहन अधिकारीसँग रहेर पनि काम गरेका थिए । नेकपाको गठन हुँदाको अवस्था, पुष्पलाललाई महासचिवबाट हटाएर मनमोहन अधिकारीलाई बनाएको, पहिलो महाधिवेशनबाट पुनः महासचिवमा निर्वाचित भएको, राणा विरोधी आन्दोलनमा लागेका दुई युवती सहाना प्रधानलाई पुष्पलालले र साधना प्रधानलाई मनमोहन अधिकारीले विवाह गरेको, नेकपामाथि लागेको प्रतिबन्ध हटाउन दिएको वक्तव्य आदिलाई पुस्तकमा उल्लेख गरिएको छ ।

गौरिभक्त प्रधानद्वारा लिखिएको *मेरा सम्झनाहरू* (वि.सं.२०६२) नामक पुस्तक, लेखकको राजनीतिक जीवनमा घटेका घटना, गरेका अनुभव र देखेभोगेका बत्तिसवटा संस्मरणात्मक

लेखहरूको सङ्कलन हो । अध्ययनका सिलसिलामा बनारस गएका बखत सुरु भएको हिन्दुस्तान स्वतन्त्रता आन्दोलनको प्रभावबाट राजनीति सुरू गरेका मनमोहन अधिकारीले बिराटनगरमा आएर मजदुर आन्दोलनको नेतृत्व गरेका थिए । उनी पार्टीको प्रथम महाधिवेशनबाट महासचिवमा चुनिएका थिए । डा.के.आई सिंहले सिंहदरवार कब्जा गर्नुपूर्व नेकपाले सुइँकोसम्म नपाएको भए पनि सरकारले पार्टीमाथि प्रतिबन्ध लगाएको, मनमोहन अधिकारी र पुष्पलालका बीचको सम्बन्ध, नेता पिच्छेका पार्टी खुल्दै जानु, पार्टी बिभाजन भएपछि कार्यकर्ता पङ्क्ति र जनवर्गीय सङ्गठनमा विभाजन आएको र जुन नेताको पहुँच छ उसैले कार्यकर्ता पङ्क्तिलाई डोऱ्याएको घटनाक्रमलाई उल्लेख गरिएको छ । लेखकले नेपालको कम्युनिस्ट आन्दोलनमा लामो समय बिताएका र त्यसैको अनुभवका आधारमा प्रस्तुत पुस्तक तयार पारेको पाइन्छ । त्यसो हुँदा नेकपाको स्थापना गर्दाको अवस्था, छोटो समयपछि नै संस्थापक महासचिवलाई हटाएर मनमोहन अधिकारीलाई महासचिव बनाउँदाको घटना, पार्टीमा देखिएको सैद्धान्तिक बिचलन आदिका बारेमा लेखकीय धारणासमेत प्रस्तुत गरेको हुँदा पुस्तक एउटा राम्रो स्रोत बन्न गएको छ ।

राधाकृष्ण मैनालीद्वारा लेखिएको *मेरो अतित मेरो सपना* (वि.सं.२०६२) नामक पुस्तक अनुसन्धानात्मक ग्रन्थ नभई लेखकले देखेभोगेका र अनुभव गरेका विषय वस्तुहरूको विवरण हो । जसमा लेखक झापा आन्दोलनपछि पक्राउ परेर भैरहवा एवम् पाल्पा कारागारमा रहँदा लेखिएका सत्ताइसवटा संस्मरणात्मक लेख रहेका छन् । पुस्तकमा झापा आन्दोलन कसरी सुरू भयो, आन्दोलनकारीलाई सरकारले गरेको व्यवहारसँगै लेखक स्वयम् लगातर चौधवर्ष र पटकपटक गरी दुई वर्ष कारागारमा बिताउदा त्यहाँ रहेका कर्मचारी एवम् कारागारभित्र थुनिएका राजनैतिक, गैरराजनीतिक अन्तर्सम्बन्धलाई आधार बनाएर लेखिएको छ । त्यस क्रममा मनमोहन अधिकारीले उनलाई भेट्न जेलमा गएको बेला व्यक्त गरेका धारणा, मनमोहन अधिकारीको स्वास्थ्य अवस्था आदि बारेमा पनि उल्लेख भएको हुँदा पुस्तकलाई सहयोगी सामग्रीका रूपमा लिइएको छ ।

लक्ष्मीभक्त उपाध्यायद्वारा लेखिएको *राजनीतिक जीवनका ५५ वर्ष* (वि.सं.२०६२) नामक पुस्तकमा लेखक र मनमोहन अधिकारी कम्युनिस्ट पार्टीमा सँगै काम गरेका हुँदा लेखकले आफ्नो राजनीतिक यात्राको वर्णन गर्दा मनमोहन अधिकारीको पनि धेरै ठाउँमा चर्चा गरेका छन् । पुस्तकलाई तिन खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा ४१ वटा ससाना उपशीर्षक दिएर लेखिएको छ । तीमध्ये केही शीर्षकमा मनमोहन अधिकारीका बारेमा चर्चा भएको छ । खण्ड दुईमा समयसमयमा विभिन्न पत्रपत्रिकामा लेखकले प्रकाशित गरेका १५ वटा लेख समेटिएका छन् । ती लेखमा कम्युनिस्ट पार्टीमा देखिएका सैद्धान्तिक एवम् नेतृत्वको विवादलाई विषयवस्तु बनाइएको छ । पुस्तकमा लेखकले आफ्ना ५५ वर्षका अनुभवलाई समेटेको हुँदा घटनाक्रमलाई बुझ्न सहज भएको छ । यसको अध्ययनले कम्युनिस्ट पार्टी र त्यो पार्टीका नेताहरूको भूमिकाको बारेमा

जानकारी पाउन सकिन्छ । यसका अलावा पुस्तकमा मनमोहन अधिकारीलाई कतै उच्च नेताका रूपमा मूल्याङ्कन गरेका छन् भने कतै बढी आलोचना गरेका छन् जुन विरोधाभाष छ ।

सुरेन्द्र के.सी.द्वारा लिखित *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास* (वि.सं.२०६०) दोस्रो भागमा वि.सं.२०२० सालदेखि वि.सं.२०४९ सालसम्मको कम्युनिस्ट आन्दोलनका बारेमा उल्लेख गरिएको छ । पुस्तक समग्र कम्युनिस्ट आन्दोलनका बारेमा लेखिएको हुँदा व्यक्ति विशेषलाई मात्र विषय वस्तु बनाइएको छैन । तर कम्युनिस्ट पार्टीको इतिहास लेख्ने क्रममा पार्टीको इतिहास बनाउन भूमिका खेल्ने पुष्पलाल, मनमोहन अधिकारी, तुलसीलाल अमात्य, केशरजंग रायमाझी, शंभुराम श्रेष्ठलगायतका व्यक्तिहरूको नाम उल्लेख नगरी सम्भव नै छैन । त्यसो हुँदा विभिन्न घटनामा मनमोहन अधिकारीको नाम उल्लेख गर्नु अनिवार्य जस्तै भएको छ । यस पुस्तकमा पनि कम्युनिस्ट पार्टी विभाजित हुँदै गएपछि त्यसरी विभाजन हुने क्रममा मनमोहन अधिकारी कहा रहेका थिए । उनले कम्युनिस्ट पार्टी गठन गर्दाको अवस्था, वि.सं.२०३७ सालको जनमत सङ्ग्रह, वि.सं.२०४२ सालको सत्याग्रह, वि.सं.२०४६ सालको संयुक्त जनआन्दोलन आदि घटनामा मनमोहन अधिकारीको उपस्थितिका बारेमा उल्लेख भएको छ ।

सुरेन्द्र के.सी.द्वारा लिखित *ऐतिहासिक दस्तावेज सङ्ग्रह पहिलो भाग* (वि.स.२०६२) नामक पुस्तकको सुरुमा दस्तावेजहरूमाथि गरिएको सङ्क्षिप्त टिप्पणी लेखकले लेखेका नेपालको कम्युनिस्ट आन्दोलनको इतिहास नामक पुस्तकमा प्रकाशित कतिपय कुराहरू नै दोहरिएका छन् । तापनि दस्तावेजको विश्लेषण गहकिलो रूपमा भएको छ । परिशिष्ट क र ख मा राखिएका दस्तावेज यस अध्ययनका लागि असाध्यै महत्वपूर्ण रहेका छन् । यसमा मनमोहन अधिकारी नेकपाको महासचिव भएका बेला उनका नामबाट प्रकाशित भएका दस्तावेजहरू यसमा रहेका छन् । जुन दस्तावेजहरूलाई महत्वपूर्ण सामग्रीका रुपमा उपयोग गरिएको छ ।

लोकराज बरालद्वारा लेखिएको *अपोजिशन पोलिटिक्स इन नेपाल,* (सन् २००६) नामक पुस्तक दश अध्यायमा विभाजन गरी अध्ययन गरिएको छ । सुरुमा राजनीतिको सामान्य परिचय दिदै वि.सं.२००७ सालको घटनापछिको राजनीतिक गतिविधिका बारेमा लेखिएको छ । पञ्चायती व्यवस्थाको स्थापना भएपछि प्रतिबन्धित रूपमा रहेका दलहरूले व्यवस्थाका विरुद्ध गरेका आन्दोलनको विश्लेषण गरेका छन् । त्यसरी आन्दोलन गर्नेमध्ये नेपाल कम्युनिस्ट पार्टी पनि एक थियो भन्दै उक्त पार्टीको सङ्क्षिप्त इतिहासको चर्चा गरिएको छ । त्यस क्रममा घटना र परिवेशअनुसार मनमोहन अधिकारीको पनि चर्चा भएको हुँदा पुस्तकबाट आवश्यक सहयोग लिइएको छ ।

शंभुराम श्रेष्ठद्वारा लेखिएको *मेरो राजनैतिक जीवनका संस्मरणहरू* (वि.सं.२०६३) नामक पुस्तकमा लेखकले आफ्नो जीवनमा घटेका घटना, गरेका अनुभव, देखेभोगेका कुरालाई लिपिबद्ध

गरी पुस्तकको स्वरूप दिएका हुन् । ४५ वटा शीर्षक दिएर लेखिएका लेखहरूमध्ये अधिकाङ्श राजनीतिक घटनासँग सम्बन्धित छन् भने एकाध व्यक्तिगत पनि छन् । पुष्पलालले कम्युनिस्ट पार्टी स्थापना गर्नुभन्दा अघि नै मनमोहन अधिकारी भारतीय कम्युनिस्ट पार्टीको सदस्य थिए तर उनले पार्टी स्थापना गर्ने हिम्मत गरेनन् । कम्युनिस्ट पार्टीमा प्रवेश गरेपछि पनि सैद्धान्तिक तथा राजनैतिक मामलामा उनी अनिर्णय जस्तै थिए भनी बिभिन्न घटनासँग जोडेर चर्चा गरेका छन् । वि.सं.२०२५ सालमा जेलबाट छुटेपछि न्युक्लियसको गठनमा मनमोहन अधिकारीले खेलेको भूमिका, झापा बिद्रोह, जनमत सङ्ग्रह, वि.सं.२०४६ सालको जनआन्दोलन जस्ता विषयमा पनि सँगै राखेर कम्युनिस्ट पार्टीको इतिहास खोतल्ने काम भएको छ ।

सुरेन्द्र के.सी.द्वारा लिखित *ऐतिहासिक दस्तावेज सङ्ग्रह भाग २* (वि.सं.२०६३) नामक पुस्तकमा लेखकले नेकपा माले पार्टी गठन हुँदाको राजनीतिक घटनाक्रमलाई ऐतिहासिक सिंहवलोकन भन्दै विश्लेषण गरेका छन् । नेकपा मालेभित्र रहेको राजनीतिक दृष्टिकोणमा आएको फरक र त्यसले पार्टीलाई पुऱ्याएको प्रभावको विश्लेषण गरेका कुराहरू मनमोहन अधिकारीको अनुसन्धानका लागि त्यति महत्वपूर्ण नभए तापनि उक्त पार्टीले मनमोहन अधिकारी र उनको पार्टीलाई मूल्याङ्कन गर्दै दस्तावेजमा लेखेका कुरा महत्वपूर्ण रहेका छन् । नेकपा मालेको चौथो महाधिवेशनपूर्व पार्टीद्वारा जारी अन्तरपार्टी निर्देशन १–२८ सम्मलाई परिशिष्टमा राखिएको छ । वि.सं.२०४७ मा नेकपा माले र नेकपा मार्क्सवादी एकीकरण हुनुपूर्व नेकपा मालेले मनमोहन अधिकारीलाई कसरी मूल्याङ्कन गरेका थिए भन्ने बारेमा पुस्तकबाट राम्रो जानकारी पाउन सकिन्छ ।

डि.पी.अधिकारीद्वारा लेखिएको *नेपालमा कम्युनिस्ट आन्दोलनका आधारहरू* (वि.सं.२०६४) नामक पुस्तक नेपालको कम्युनिस्ट आन्दोलनमा लामो समय बिताएका व्यक्तिका हैसियतले लेखेका १६ वटा शीर्षकहरू विराटनगरको मजदुर आन्दोलनमा मनमोहन अधिकारीको नेतृत्व, कम्युनिस्ट पार्टीको गठन गर्न गरेको प्रयास, कम्युनिस्ट पार्टीको प्रथम सम्मेलनबाट पोलिटव्युरोमा आएको, जिम्मेवारि बाँडफाड गर्दा कोशी क्षेत्रको जिम्मेवारि दिएको, मनमोहन अधिकारीको अनुपस्थितिमा केशरजंग रायमाझीले पार्टी चलाउँदाको अवस्था, वि.सं.२०१५ सालको आमनिर्वाचन, पौष १ गतेको शाही कदम, पार्टीमा आएको विभाजन र वि.सं.२०४६ सालको जनआन्दोलन आदि विषयमा केन्द्रित भएर लेखिएका छन् । पुस्तकमा समग्र राजनीतिका बारेमा चर्चा गरेको हुँदा व्यक्ति विशेषको भूमिकालाई छुट्टै रूपमा उल्लेख गरिएको छैन तर राजनीतिक घटनालाई लेख्ने क्रममा मनमोहन अधिकारीको पनि घटना र अवस्थानुसार धेरै ठाउँमा चर्चा भएको छ । पुस्तक पुराना कुरालाई सम्झनाको माध्यमबाट लेखिएको हुँदा कतिपय कुरा इतिहाससँगै बाझिन पुगेको पनि देखिन्छ ।

भरतमोहन अधिकारीद्वारा लेखिएको *मेरो जीवन यात्रा केही सम्झनाहरू* (वि.सं.२०६४) नामक पुस्तकलाई नौवटा अध्यायमा विभाजन गरिएको छ । रामचन्द्र अधिकारीका दुई पत्नीमध्ये कान्छी पत्नीबाट काठमाडौंको लाजिम्पाटमा मनमोहन अधिकारीको जन्म भएको थियो । विद्यार्थी अवस्थामा नै वि.सं.१९९९ को भारत छोडो आन्दोलनमा सहभागी भई नेपालीहरूमध्येबाट पहिलो पटक जेल पर्ने व्यक्ति थिए । वि.सं.२००३ सालको विराटनगर मजदुर हड्तालमा मनमोहन अधिकारी कम्युनिस्ट विचार र वी.पी.कोइराला सोसलिस्ट विचार अघि सार्थे भनी विचारको कुरा गरेका छन् । त्यसै गरी वि.सं.२०१७ सालमा मनमोहन अधिकारीको पक्राउ जेलमा रहँदाको अवस्था र कम्युनिस्ट पार्टीमा आएको बिभाजनको घटनाक्रमलाई समेट्दै पार्टी नेताहरूको बारेमा पनि उल्लेख गरिएको छ । मनमोहन अधिकारी मौकामा भलाद्मी बनिदिन्थे, "सबैले मानिहाल्छन् किन किचलोमा पर्ने" भन्ने खालको कमजोर विचारले गर्दा एकीकृत कम्युनिस्ट पार्टी बनाउने काममा कमजोरी रहेको कुरालाई देखाइएको छ । वि.सं.२०३६ सालको जनमत सङ्ग्रह हुने भएपछि बहुदलको पक्षमा ल्याउन गरेको प्रयासका साथै नेपालको राजनीतिक आन्दोलनमा खेलेको भूमिका, कम्युनिस्ट पार्टीको विग्रहलाई एकीकृत गराउन गरेको प्रयास ठाउँ र घटनाक्रम हेरी व्याख्या गरिएको छ । तथापि मनमोहन अधिकारीका बारेमा विस्तृत जानकारी दिन सकेको छैन ।

विष्णु रिजालद्वारा सम्पादित, *संसद्मा मनमोहन अधिकारी* (वि.सं.२०६४) नामक पुस्तकमा वि.सं.२०४६ सालको संयुक्त जनआन्दोलन सफल भएपछि वि.सं.२०४८ सालमा भएको पहिलो आमनिर्वाचन पछिको संसद्(२०४८–५१)मा मनमोहन अधिकारी संसदमा प्रमुख विपक्षीदलको नेता रहेका थिए । यो त्यतिबेला प्रतिनिधिसभामा व्यक्त गरेका विचारहरूलाई सङ्ग्रह गरिएको दस्तावेज हो । उनले त्यसबेला देश र जनताको हितमा र परिवर्तनको पक्षमा के कस्ता कुरा उठाएका थिए भन्ने महत्वपूर्ण विषयवस्तुहरू यस पुस्तकमा समावेश गरिएको छ ।

सुरेन्द्र के.सी.द्वारा लेखिएको *नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास* (तेस्रो भाग) वि.सं.२०६५) नामक पुस्तकमा वि.सं.२०५० सालदेखि वि.सं.२०६४ सालसम्मको अवधिलाई समेटिएको छ । कम्युनिस्ट पार्टीका विभिन्न घटकले फरकफरक नीति अपनाउने क्रममा एक थरीले संसद्वादी र अर्कोले सशस्त्र नीति अवलम्वन गरेको पृष्ठभूमि केलाइएको छ । वि.सं.२०५१ सालमा मनमोहन अधिकारीले नेतृत्व गरेको सरकारका बारेमा उल्लेख गर्दै उक्त सरकार ढल्नुका कारणहरू, सरकारमा गएपछि एमाले पार्टीमा पलाएको सत्ता मोह, पार्टीभित्र क्षेयीकरण हुँदै गएको मूल्य र मान्यता, पार्टीभित्र मनमोहन अधिकारीले देखाउन नसकेको आफ्नो हैसियत जस्ता कुराहरू यसमा समावेश गरिएका छन् ।

सुरेन्द्र के.सी.द्वारा लेखिएको *नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास* (पहिलो भाग) (वि.सं.२०६५) नामक पुस्तक लेखकले विद्यावारिधिको प्रयोजनका लागि तयार पारेको र पछि

पुस्तकका रूपमा प्रकाशित गरिएको हो । जसमा नेकपाको गठन भएदेखि वि.सं.२०१९ सालसम्मको अवधिलाई समेटिएको छ । यो समयभित्र भएका राजनीतिक गतिविधि र त्यसभित्र पनि नेकपाको सङ्लग्नतालाई उल्लेख गरिएको छ । पुस्तकमा दिल्ली सम्झौतालाई हेर्ने दृष्टिकोण, रक्षा दलको बिद्रोह, पार्टीमाथिको प्रतिबन्ध, र फकुवा, जस्ता बिषय रहेका छन । मनमोहन अधिकारी पार्टीको जिम्मेवार नेता हुँदाका उनी प्रत्यक्ष सङ्लग्न रहेका ती घटनाहरूका बारेमा यहाँ उल्लेख गरिएको छ । वि.सं.२०१७ सालको शाही कदम, संसदीय व्यवस्थाको अन्त्य, नेकपामा देखिएको मतभेद तथा विभिन्न महाधिवेशनहरूलाई समेटिएको छ । पुस्तक लेख्नुको उद्देश्य मनमोहन अधिकारीका बारेमा मात्र उल्लेख नगरी सिङ्गो कम्युनिस्ट पार्टीको इतिहास खोतल्नु रहेको छ । समष्ठिगत रूपमा पुस्तक कम्युनिस्ट आन्दोलनको बारेमा लेखिएको हुँदा व्यक्ति विशेषको भूमिकालाई महत्व दिइएको छैन र त्यो पुस्तक लेखनको उद्देश्य पनि होइन । मनमोहन अधिकारीले करिव छ दशकको राजनीतिक जीवन कम्युनिस्ट आन्दोलनमा बिताएका र त्यसै पार्टीका बारेमा लेखिएको हुँदा पुस्तक शोधपत्र लेख्ने कार्यमा उपयोगी रहेको छ ।

निर्मल लामाद्वारा लेखिएको *सर्वहारा राजनीति (आत्मा कथा)* (वि.सं.२०६८) नामक ग्रन्थमा निर्मल लामाको बाल्यकालदेखि वि.सं.२०४६ सालसम्मका घटनालाई प्रस्तुत गरिएको छ । यस अवधिमा निर्मल लामाले गरेका अनुभव र राजनीतिक कृयाकलापहरूको सम्बन्धमा उनले देखेभोगेका कुरालाई पुस्तकका रुपमा प्रकाशित गरिएको हो । राजनीति आन्दोलनका क्रममा कतिपय घटनामा लेखक मनमोहन अधिकारीसँगै रहेको हुँदा ती कुरा यहाँ उल्लेख गर्ने क्रममा वि.सं.२००९ सालतिरै पाण्डवराज भन्ने नेता मनमोहन अधिकारीसँग निकट रहेको भनी पार्टीभित्र गुटवन्दीको कुरा, जनकपुरमा पार्टीले गरेको कार्यक्रममा मनमोहन अधिकारीलाई कमजोर पार्न गरिएको प्रयास, समयक्रमसँगै अगाडि बढ्दा लेखक स्वयम् र मनमोहन अधिकारी मिलेर शक्तिशाली कम्युनिस्ट पार्टी गठन गर्न प्रयास गरेको, केन्द्रीय न्युक्लियसमा रहेर सँगै काम गरेको भए पनि लामो समय सँगै जान नसकेको आदि कुराहरू यसमा समावेश गरिएका छन् । घटनाको क्रमवद्धताको अभाव र महत्वपूर्ण घटनाहरूको तिथिमितिको उल्लेख गर्दा 'तिर' भनी उल्लेख हुनु, कतिपय घटना दोहोरिनु जस्ता कमजोरी रहे तापनि पुस्तक अनुसन्धान कार्यमा सहयोगी सामग्रीका रूपमा रहेको छ ।

बेदुराम भुसालद्वारा सम्पादित पुष्पलाल स्मृति प्रतिष्ठानले प्रकाशन गरेको *नेपाल कम्युनिस्ट पार्टी दस्तावेज सङ्ग्रह* (भाग १) (वि.सं.२०७०) मा नेकपा स्थापनाकालदेखि वि.सं.२०२० सालसम्मका आधिकारिक दस्तावेजहरू सङ्कलन गरी प्रकाशन गरिएको हो । यो दस्तावेज सङ्ग्रहमा नेकपाको अध्ययनलाई वैधानिकता प्रदान गर्ने सवालमा समेत महत्वपूर्ण सामग्री हो । यसमा नेकपाको पहिलो पर्चा, पहिलो घोषणापत्र पहिलो सम्मेलनमा पारित

राजनीतिक प्रतिवेदन र कार्यक्रम, दोस्रो सम्मेलनमा पारित राजनीतिक प्रस्ताव, प्रथम महाधिवेशनबाट पारित कार्यक्रमलगायतका दस्तावेज रहेका छन् । प्रथम महाधिवेशनमा महासचिव हुनुका नाताले मनमोहन अधिकारीले प्रस्तुत गरेको कार्यक्रम पनि यसमा रहेको हुँदा यस दस्तावेज सङ्ग्रहलाई सहयोगी सामग्रीका रुपमा प्रयोग गरिएको छ ।

विष्णु रिजालद्वारा सम्पादन गरिएको पुष्पलाल स्मृति प्रतिष्ठानद्वारा प्रकाशित *फर्केर हेर्दा* (वि.सं.२०७१) नामक पुस्तक ३३ जना पुराना कम्युनिस्ट नेताहरूको संस्मरणलाई सङ्कलन गरी प्रकाशित गरिएको छ । यस पुस्तकमा संस्मरण लेख्ने व्यक्तिहरू नेपाली कम्युनिस्ट आन्दोलनका विभिन्न कालखण्डमा महत्वपूर्ण योगदान पुऱ्याएकाहरू छन् । पुस्तक पुष्पलाललाई जोडेर तयार पारिएको छ तथापि मनमोहन अधिकारी पनि एउटा त्यस्ता व्यक्ति हुन् जसको नामविना कम्युनिस्ट आन्दोलन र कुनै पनि नेताको अनुभवबाट बाहिर रहन नसक्ने हुँदा यस पुस्तकमा उनका बारेमा धेरै जनाले थुप्रै ठाउँमा घटना र अवस्थाअनुसार उल्लेख गरेका कुरालाई यस अनुसन्धानमा पनि सहयोगी सामग्रीका रूपमा लिइएको छ ।

मोहन बिक्रम सिंहद्वारा लेखिएको *चार दशक* (दोस्रो खण्ड) (मिति अनु.) नामक पुस्तक वि.सं.२०११ देखि वि.सं.२०५६ सालसम्म करिव साढे चार दशकको अवधिमा लेखिएका लेखहरूको सङ्कलन हो । त्यस अवधिमा देशको राजनीतिक परिस्थिति र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा भएका सैद्धान्तिक परिवर्तनलाई केलाउन खोजिएको छ । पुस्तकमा प्रकाशित अधिकाङ्श लेखहरू आलोचनात्मक रहेका छन् । ती लेखहरूलाई क्रमशः १,२,३ गर्दै ५८ वटा पुऱ्याइएको छ । पुस्तकमा थोरैमात्र मौलिक स्रोतको प्रयोग गरिएको छ । वि.सं.२०१७ सालको शाही कदमपछि जेलमा रहेका मनमोहन अधिकारी र लेखक स्वयम्ले भावि कदमका बारेमा गरेको कुराकानी, अलगअलग जेलमा रहेका बेला लेखेको चिठी पनि यसमा रहेको छ । पुस्तक समग्र कम्युनिस्ट आन्दोलनका बारेमा लेखिएको छ । यसले कम्युनिस्ट आन्दोलनभित्रका कमीकमजोरीहरूलाई औंल्याउने प्रयास गर्दै कम्युनिस्ट कस्तो हुन्छ भन्ने देखाउनु नै पुस्तकको उद्देश्य रहेको देखिन्छ । पुस्तक लेख्नुको उद्देश्य र यो शोधकार्यको उद्देश्यमा कुनै समानता छैन । दुवैका उद्देश्य फरक फरक छन् तापनि शोधकार्यका लागि कतिपय घटना क्रममा पुस्तक सहयोगी रहेको छ ।

## २.२ अप्रकाशित एवम् अन्य सामग्रीहरू

कृष्ण घिमिरेले *"जनमत सङ्ग्रह र समसामयिक वामपन्थी राजनीति"* (वि.सं.२०३७) शीर्षकमा स्नातकोत्तर तहको परिपूर्तिकालागि राजनीतिशास्त्र शिक्षण समितिमा बुझाइएको अप्रकाशित शोधपत्र हो । अध्ययन जनमत सङ्ग्रहमा केन्द्रीत छ । दलहरू प्रतिबन्धित भएको हुँदा पाकिस्तानमा जुल्फिकर अलि भुट्टोलाई फाँसी दिएको घटनाको विरोध खुल्ला रुपमा गर्न सकेका

थिएनन् । तर तिनै दलका भातृसङ्गठनका रूपमा रहेका विद्यार्थीहरू आन्दोलनमा उत्रिएको घटनालाई विश्लेषण गर्दै उक्त आन्दोलन उत्कर्षमा पुगी जनमत सङ्ग्रह हुन पुगेको घटनालाई केलाउँदै वामपन्थीहरूको भूमिका खोज्ने प्रयास गरेका छन् । मनमोहन अधिकारीले जनमत सङ्ग्रहताका नै नयाँ पार्टीको गठन गरेका, जनमत सङ्ग्रहमा बहुदललाई जिताउन सक्रियरुपमा लागेका, बहिष्कार भनेर बसेका वामपन्थी घटकहरूलाई जनमत सङ्ग्रहमा भाग लिन आह्वान गरेका, जनमत सङ्ग्रहमा धाँधली भएको भन्दै परिणामलाई चुनौति दिएका लगायत जनमत सङ्ग्रहकै विषयलाई लिएर वामपन्थी दलहरूभित्र देखिएको वैचारिक मतभेदलाई पनि लेखकले विश्लेषण गरेको हुँदा अनुसन्धानका क्रममा यो स्रोत उपयोगी बनेको छ ।

राजकुमार पोखरेलले *संयुक्त वाममोर्चा र यसको संयुक्त जनआन्दोलन (२०४६) मा भूमिका* (वि.सं.२०४७) शीर्षकमा स्नातकोत्तर तहको परिपूर्तिका लागि इतिहास केन्द्रीय विभागमा बुझाइएको अप्रकाशित शोधपत्र हो । जुन वि.सं.२०४६ सालको जनआन्दोलनमा केन्द्रीत छ । अध्ययनको सुरुवात नेपालमा वामपन्थी शक्तिको उद्भव र विकासको ऐतिहासिक पृष्ठभूमि खोतल्दै वाममोर्चामा सहभागी दलहरूको परिचयबाट गरिएको छ । यसमा विभिन्न खेमामा विभाजित वामघटकहरू एउटै मोर्चामा आउन गरेको कसरतलाई देखाउने प्रयास गरिएको छ भने वि.सं.२०४६ सालसम्म १७ खेमामा विभाजित अन्य वामघटकहरू किन मोर्चामा आउन सकेनन् भन्ने कुरामा पनि उल्लेख गरिएको छ । जनआन्दोलन सुरु हुनुअघि वाममोर्चा र नेकाका बीच संयुक्त आन्दोलन गर्ने सम्बन्धमा भएका सहमतिहरूको अध्ययन गर्दै आन्दोलनलाई विभिन्न चरणमा विभाजन गरी विश्लेषण गरिएको छ । पहिलो र दोस्रो चरणमा संयुक्त वाममोर्चा र नेपाली कांग्रेसले जारी गरेका सङ्घर्षका कार्यक्रम रहेका छन् भने तेस्रो चरणलाई जनआक्रोशको उभार भन्दै आन्दोलनमा बढ्दै गएको जनसमर्थनलाई देखाइएको छ । आन्दोलन बढ्दै जाँदा दरवारबाट समयसमयमा जारी गरिएका घोषणाहरूको अध्ययन गर्दै पञ्चायतको अन्त्य भई बहुदलीय व्यवस्थाको पुनःस्थापनापछि वाममोर्चाले देखाएको मिश्रित प्रतिक्रियालाई समेट्दै अन्तरिम सरकारको गठनसम्ममा अध्ययनलाई टुङ्ग्याइएको छ । वामपन्थी दलमध्येकै नेता हुनुका नाताले धेरै ठाउँमा मनमोहन अधिकारीको पनि चर्चा रहेको हुँदा यसलाई उपयोगी सामग्रीका रुपमा लिइएको छ ।

*बहुदलीय जनवाद,* वर्ष २, अङ्क २, (वि.सं.२०५६) असोजमा प्रकाशित नेकपा एमाले उपत्यका समन्वय कमिटीको सामयिक प्रकाशन रहेको यो अङ्क मनमोहन अधिकारीको श्रद्धाञ्जली अङ्कका रूपमा रहेको छ । यसमा “नेपालको प्रजातान्त्रिक र कम्युनिस्ट आन्दोलनमा मनमोहन अधिकारीको योगदान” नामक शीर्षकमा भएको कार्यक्रममा विभिन्न पार्टीका नेताहरूद्वारा व्यक्त विचारहरू, मनमोहन अधिकारीको निधन पश्चात पार्टीले जारी गरेको जीवनी

झल्कने शोक वक्तव्य र विविध पक्ष झल्कने फोटाहरू सहित अन्तर्राष्ट्रिय क्षेत्रबाट समवेदना सन्देश मार्फत अभिव्यक्त गरिएका भनाइहरूलाई समावेश गरिएको छ ।

*श्रमिक खवर,* सङ्ख्या ६३, (वि.सं.२०५७) चैत्रको पत्रिकालाई "मजदुरद्वारा मजदुरका लागि नेपालको पहिलो पत्रिका" भन्ने विशेषण दिइएको छ । यस अङ्कमा वि.सं.२००३ साल फागुन २० गतेको कथा भन्दै मनमोहन अधिकारीसहित अन्य केही मजदुर नेताहरूको फोटो बाहिरी पृष्ठमा राखिएको छ । पत्रिकामा विराटनगरमा मजदुर आन्दोलन हुँदाको घटनालाई मनमोहन अधिकारीको सङ्लग्नतासँग जोड्दै त्यतिबेलाका उद्योग र त्यहाँ काम गर्ने मजदुरहरूको अवस्थाका बारेमा उल्लेख गरिएको छ । मनमोहन अधिकारीसहित त्यस बेलाका अन्य मजदुरहरूको बारेमा समेत उल्लेख छ ।

देवीप्रसाद ढुङ्गेलले *नेपालको प्रजातान्त्रिक आन्दोलन र मनमोहन अधिकारी* (वि.सं.२०६०) शीर्षकमा स्नातकोत्तर तहको परिपूर्तिकालागि राजनीतिशास्त्र शिक्षण समितिमा बुझाइएको अप्रकाशित शोधपत्र हो । जुन अध्ययन लेखकले स्नात्तकोत्तर तहको दशौं पत्रको प्रयोजनका निम्ति गरेका हुन् । अध्ययन मनमोहन अधिकारीमा केन्द्रीत रहेको छ । पहिलो अध्याय शोध परिचय र दोस्रो अध्यायमा मनमोहन अधिकारीको जन्म, शिक्षादिक्षा, पारिवारिक परिवेशलगायतका कुरालाई सामान्य रूपमा परिचय गराइएको छ । तेस्रो अध्यायमा नेकपा स्थापनाको पृष्ठभूमिसँगै पार्टीका महाधिवेशनबारे उल्लेख छ । चौथो अध्यायमा वि.सं.२००७ सालदेखि वि.सं.२०४६ सालसम्मको राजनीतिक गतिविधिलाई समेटिएको छ । पाँचौं अध्यायमा वि.सं.२०४६ देखि वि.सं.२०५६ सालसम्मको घटनाक्रमबारे लेखिएको छ । शोधकार्यको शीर्षक, अध्यायको विभाजन हेर्दा उनको बारेमा गरिएको सिङ्गो अनुसन्धान जस्तो देखिन्छ । यो शोधकार्य निश्चित समयसिमाभित्र रहेर कुनै निश्चित प्रयोजनका लागि लेखिएको हुँदा यसले मनमोहन अधिकारीका बारेमा थोरैमात्र जानकारी दिन सकेको छ ।

*रातो झन्डा,* वर्ष ३, अङ्क १, पूर्णाङ्क ३ कार्तिक (वि.सं.२०६१) नेकपा एमाले कोशी अञ्चल समन्वय कमिटीको मुखपत्रका रूपमा प्रकाशित यस अङ्कको बाहिरी आवरण पृष्ठमा मनमोहन अधिकारीको फोटो राख्दै आन्दोलनका धरोहर आस्थाका प्रतिमूर्ति भनी उल्लेख गरेको छ । भित्रि पृष्ठमा मनमोहन अधिकारी कसरी कम्युनिस्ट हुनु भयो भन्ने बेदुराम भुसालको लेख सूर्य थापाको बुढाबुढीका महान नेता मनमोहन शीर्षक दिएर लेखिएका लेखहरूमा मनमोहन अधिकारीका बारेमा जानकारी पाउन सकिन्छ ।

माधवराज पन्थीले *नेपालमें साम्यवादी आन्दोलन: पुष्पलाल के योगदान के विशेष सन्दर्भ में (सन् २००७)* भन्ने शीर्षक राखेर विद्यावारिधि उपाधिका लागि इलाहावाद विश्वविद्यालयमा

बुझाइएको अप्रकाशित शोधपत्र हो । प्रस्तुत अध्ययन पुष्पलालमा केन्द्रित छ । पुष्पलाल नेकपाको स्थापना गर्नेमध्येका प्रमुख व्यक्ति थिए र उनैको सोच र चिन्तनमा नै पार्टीको स्थापना भएको थियो । अध्ययन नेपालमा साम्यवादी आन्दोलनको परिचयवाट सुरू गर्दै पुष्पलालका साहित्यिक समीक्षा, सैद्वान्तिक एवम् अवधारणात्मक संरचना, व्यक्तित्व र कृतित्व, पुष्पलालको साहित्यिक राजनीतिक विचार, नेपालमा कम्युनिष्ट आन्दोलन र पुष्पलाल, नेपालको राजनीतिमा पुष्पलालका योगदान र अन्तिम अध्यायमा निष्कर्ष एवम् सुझाव गरी सात अध्यायमा विभाजन गरिएको छ । अध्ययन पुष्पलालमा नै केन्द्रित भए तापनि कम्युनिष्ट पार्टीसँग गाँसिएको र मनमोहन अधिकारी कम्युनिष्ट पार्टीसँग गाँसिएका अर्का व्यक्ति भएको हुँदा यो अध्ययनलाई सहयोगि सामग्रीका रूपमा उपयोग गरिएको छ ।

*एक्काइसौ शताब्दी,* वर्ष ५, अङ्क ४–५ (संयुक्ताङ्क) ४९–५०(वि.सं.२०५८) बैशाख–जेठ अङ्कको आवरण पृष्ठमा मनमोहन अधिकारीको फोटो राख्दै स्मृति अङ्क भनिएको छ । हुन पनि सिङ्गो पत्रिका नै मनमोहन अधिकारीका बारेमा रहेको छ । यसमा विभिन्न क्षेत्रमा रहेका व्यक्ति, कलाकार, उद्योगपति साहित्यकार, पत्रकारलगायतले मनमोहन अधिकारीलाई हेर्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । त्यसै गरी मनमोहन कस्ता प्रधानमन्त्री थिए भन्ने बारे त्यतिबेला सरकारमा सहभागी मन्त्रीहरूले गरेको मूल्याङ्कनलाई पनि यसमा समेटिएको  छ ।

*नवयुग मासिक,* वर्ष २०, अङ्क १ (वि.सं.२०६६) मङ्सिरको अङ्कलाई मनमोहन अधिकारी/पहिलो कम्युनिस्ट सरकार विशेषाङ्कका रूपमा, प्रकाशित छ जसमा झलनाथ खनाल, मोदनाथ प्रश्रित, शेरबहादुर देउवा, भरतमोहन अधिकारी, परिवारका सदस्यहरू साधना अधिकारी, प्रकाश अधिकारीलगायतका धेरै व्यक्तिका लेखहरू रहेका छन् । जुन लेखहरू मनमोहन अधिकारीसँग सम्बन्धित छन् । त्यस बाहेक मनमोहन अधिकारीले दिएका केही अन्तर्वार्ता, सरकार प्रमुखका रूपमा गरेका कामको विवरण, केही ऐतिहासिक दस्तावेजका साथै विभिन्न क्षणमा खिचेका फोटाहरू पनि राखिएका छन् । पत्रिकामा जति पनि कुराहरू लेखिएका छन् ती सबैमा मनमोहन अधिकारीका राम्रा पक्षलाई केन्द्र बनाई लेखिएका छन् भने आलोचनात्मक पक्ष अत्यन्तै न्यून मात्रमा छ ।

नेकपा माले र नेकपा मार्क्सवादीका बीचमा वि.सं.२०४७ सालमा एकीकरण भई बनेको नेकपा एमाले पार्टीले विभिन्न मितिमा अन्तरपार्टी निर्देशनलाई जारी गर्ने गरेको छ । जुन अन्तर पार्टी निर्देशन पार्टीमा भएका बैठक र तिनले गरेका निर्णयहरू समेटेर इलाका तहको पार्टी कमिटी (सङ्गठित सदस्य) सम्म पठाउने गरिएको छ । त्यतिबेलाका प्राय बैठकको अध्यक्षता मनमोहन

अधिकारीले गरेको पाइन्छ । फलत ती अन्तर पार्टी निर्देशनबाट मनमोहन अधिकारी र उनको नीतिगत धारणा बुझ्न केही हदसम्म सहयोग मिलेको छ ।

माथि उल्लेख गरिएका कृतिहरू बाहेक नेपालबाट प्रकाशित भएका गोरखापत्र, कान्तिपुर, हिमालयटाइम्स, समाचारपत्र, स्पेशटाइम, राजधानि जस्ता दैनिक त्यसै गरी राष्ट्रपुकार, युगवाणि, बुधवार, प्रकाश, साँघु, छलफल, दृष्टि, मातृभूमी, युगसम्वाद, पुनर्जागरण, देशान्तर, हालखवर जस्ता साप्ताहिक र भारतीय स्टेटम्यानलगायतका थुप्रै पत्रपत्रिकामा प्रकाशित लेख रचनाबाट आवश्यक मात्रामा सहयोग लिई शोध ग्रन्थलाई महत्वपूर्ण एवम् विश्लेषणत्मक बनाउने प्रयास गरिएको छ । साथै शोधकर्ताले स्नात्तकोत्तर तहमा सय पुर्णङ्कको शोधपत्र यसै विषयमा लेखेको र त्यसबेला समयको पावन्दी र अन्य विविध कारणले सङ्कलन गरेका स्रोत सामग्री उपयोग गर्न सकिएको थिएन । जुन स्रोत सामग्रीलाई पनि यस शोधपत्रमा उपयोग गरिएको छ ।

## २. ३ निष्कर्ष

यस अध्यायमा उल्लेखित कृतिहरूको समीक्षाबाट के निष्कर्षमा पुग्न सकिन्छ भने यी कृतिहरू सबै मनमोहन अधिकारीका बारेमा मात्र लेखिएका छैनन् । एक दुईवटा पुस्तकहरू र एउटा स्नातकोत्तर तहको शोधपत्र तथा केही मासिक पत्रिकामा उनका बारेमा मात्र चर्चा गरिएको पाइएको छ । केही कृतिहरू लेखक स्वयम्ले भोगेका अनुभव गरेका स्मरणयुक्त कुरालाई लिपिवद्ध गरेको अवस्थामा रहेका छन् । कति पुस्तकहरू समग्र कम्युनिस्ट आन्दोलनलाई विषयवस्तु बनाएर लेखिएका छन् । कुनै पुस्तक देशको सम्पूर्ण राजनीतिलाई आधार मानेर लेखिएका छन् । यसरी हेर्दा विभिन्न क्षेत्रमा छरिएर रहेका सामग्रीहरूका बारेमा जानकारी लिने काम भएको छ । मनमोहन अधिकारीकै बारेमा लेखिएका पुस्तकहरू पनि खोजमूलकभन्दा पनि सामान्य परिचय गराउने उदेश्यले लेखिएका छन् । त्यसो हुँदा मनमोहन अधिकारीका बारेमा उल्लेख भएका कतिपय कुरा अनुसन्धान विना नै उल्लेख गर्ने काम भएको पाइएको पाइन्छ । तर यहाँ उल्लेख भएका कुरा प्रमाणित स्रोतका आधारमा उल्लेख गरिएको हुँदा अन्य कृतिहरूभन्दा प्रस्तुत शोधग्रन्थ भिन्न हुन गएको छ । तथापि उपर्युक्त कृतिहरूको समीक्षात्मक अध्ययन गरी तिनीहरूलाई सन्दर्भ सामग्रीका रूपमा भने आवश्यकतानुसार उपयोग गरिएको छ ।